नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# नेपाल इन्टरमोडल यातायात विकास समिति

चोभार, कीर्तिपुर-६

## सुरक्षाकर्मी सेवा करारमा लिने सम्बन्धी प्रस्ताव आव्हानको सूचना

(प्रकाशित मिति: २०८०।०२।०४)

यस समिति अन्तर्गतको केन्द्रिय कार्यालय, चोभार सुख्खा बन्दरगाह तथा बिराटनगर सुख्खा बन्दरगाहमा सुरक्षा व्यवस्था गर्न बढिमा १ वर्षका लागि सुरक्षाकर्मीहरुको सेवा करारमा लिनु पर्ने भएको हुँदा यस्तो सेवा आपूर्ति गर्न सक्ने नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक रजिष्ट्रर्ड फर्म, संस्था वा कम्पनीहरुले प्रति महिना के कति दर/रेटमा उपलब्ध गराउन सक्ने हो सो सम्बन्धी सिलबन्दी प्रस्ताव तोकिएको म्याद भित्र निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वक प्रस्तावपेश गर्न आह्वान गरिएको छ ।

१. प्रस्ताव आव्हानको सूचना प्रकाशित भएको मितिले तपसील बमोजिमको म्याद भित्र तपसील बमोजिम दस्तुर कृषि विकास बैंक लिमिटेड, मैतिदेवी शाखामा नेपाल इन्टरमोडल यातायात विकास समितिको चल्ती खाता नं. ०२११३००१४४६६८०१४ मा जम्मा गरेको सक्कल भौचर बुझाई यस कार्यालयबाट प्रस्ताव सम्बन्धी कागजात खरिद गर्न सकिनेछ ।
२. प्रस्ताव सम्बन्धी कागजात प्रष्टसँग भरी प्रस्तावदाताले प्रत्येक पानामा सहीछाप गरी, सिलबन्दी गरी, खाम बाहिर फर्मको नाम, ठेगाना र सेवाको कार्य प्रष्टसँग लेखि तोकिएको म्यादभित्र यस कार्यालयमा उल्लेखित मितिको दिनको १२ बजेसम्ममा दर्ता गराउनु पर्नेछ ।
३. प्रस्ताव पेश गर्दा प्रस्ताव साथ प्रस्ताव जमानत वापत रु २,५०,०००।- (अक्षेरुपी रु दुई लाख पचास हजार) भन्दा कम नहुने गरी कृषि विकास बैंक लि. रामशाहपथ काठमाण्डौंमा यस कार्यालयको नाममा रहेको चल्ती खाता नं. ०१००२००१४४६६८०३७ मा जम्मा गरेको सक्कल भौचर वा वाणिज्य बैंक वा प्रचलित कानून अनुसार बैंक ग्यारेन्टी जारी गर्न योग्य वित्तिय संस्थाबाट जारी भएको प्रस्ताव जमानत संलग्न गर्नुपर्नेछ । प्रस्ताव जमानतको म्याद प्रस्ताव पेश गर्ने अन्तिम मितिले कम्तिमा १२० दिन सम्मको हुनुपर्नेछ ।
४. प्रस्ताव दाताले सेवा प्रदान गर्ने स्थलको वास्तविक स्थिति बुझेर प्रस्ताव दाखिला गर्न सल्लाह दिइन्छ ।
५. एक फर्म वा संस्थाको नाममा खरिद भएको प्रस्ताव सम्बन्धी कागजात अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन ।
६. प्रस्ताव सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको फोन नं. ०१-४३३६१७८, ४३३२८९६ मा सम्पर्क राख्न सकिनेछ ।
७. प्रस्ताव खरिद गर्ने वा प्रस्ताव बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा अन्तिम मिति सो को भोलीपल्ट कायम हुनेछ ।
८. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यलयमा निहित हुनेछ ।
९. प्रस्ताव सम्बन्धी कागजात र यस सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा समितिको खरिद तथा आर्थिक कार्यविधि नियमावली, २०६६ एवम् प्रचलित ऐन नियमानुसार हुनेछ ।

| संकेत नं. | विवरण | सुरक्षा गार्ड (सुरक्षा कर्मी) संख्या | प्रस्ताव सम्बन्धी कागजात खरिद दस्तुर | प्रस्ताव खरिद अन्तिम मिति र समय | प्रस्ताव दाखिला अन्तिम मिति र समय | प्रस्ताव खोलिने मिति/समय/स्थान |
|---|---|---|---|---|---|---|
| NITDB/SS-02 (2079/080) | सुरक्षाकर्मी सेवा करारमा लिने सम्बन्धी | ३३ | रु ३०००।- (फिर्ता नहुने गरी) | २०८०।०२।१८ गते कार्यालय समय भित्र | २०८०।०२।१९ गते दिनको १२:०० बजे सम्म | २०८०।०२।१९ गते समय: दिनको १ बजे स्थान: नेपाल इन्टरमोडल यातायात विकास समितिको कार्यालय, चोभार, कीर्तिपुर-६ । |